# प्रदेश लोक सेवा आयोग
## लुम्बिनी प्रदेश

**प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवा अन्तर्गत अधिकृत सातौं तहका (अप्राविधिक/प्राविधिक) पदहरुको अन्तरतह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन ।**

**सूचना नं. १६५/०८२-०८३** **प्रकाशन मिति: २०८२/०९/११**

प्रदेश निजामती सेवा ऐन, २०८० र स्थानीय निजामती सेवा ऐन, २०८१ बमोजिम लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा विभिन्न स्थानीय तहबाट पदपूर्तिका लागि माग भई आएका देहाय बमोजिमका सेवा, समूह र उपसमूहका अधिकृत सातौं तहमा (प्राविधिक/अप्राविधिक) अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिने भएकोले तोकिए बमोजिमको योग्यता पुगेका उम्मेदवारहरुबाट विद्युतीय (online) माध्यमवाट दरखास्त आह्वान गरिन्छ । तोकिए बमोजिमको योग्यता पुगेका उम्मेदवारहरुले आयोगको विद्युतीय दरखास्त प्रणाली (www.ppsconline.lumbini.gov.np) बाट online दरखास्त दिनु पर्नेछ । प्रदेश निजामती सेवा तथा स्थानीय निजामती सेवा (प्राविधिक) तर्फ अन्तर तह तथा समावेशी प्रतियोगिताका परीक्षाहरु एकिकृत रुपमा एकै पटक संचालन गरिनेछ। प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको प्राथमिकता क्रम अनुसार नियुक्तिको लागि प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

| क्र.सं. | विज्ञापन नं | पद | समुह/उपसमुह | विज्ञापनको किसिम | माग पद संख्या |
|---|---|---|---|---|---|
| (अ) अप्राविधिक तर्फ | | | | | |
| १. | ५०००४/०८२-८३ | शाखा अधिकृत/ प्रशासकीय अधिकृत/लेखा अधिकृत/आन्तरिक लेखा परीक्षण अधिकृत | प्रदेश प्रशासन/सामान्य प्रशासन | अन्तर तह | १ |
| | | | स्थानीय प्रशासन/लेखा | | २ |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | ४ |
| | | | स्थानीय प्रशासन/ आन्तरिक लेखा परीक्षण | | १ |
| २. | ५०००५/०८२-८३ | शाखा अधिकृत/ प्रशासकीय अधिकृत/लेखा अधिकृत/आन्तरिक लेखा परीक्षण अधिकृत | प्रदेश प्रशासन/सामान्य प्रशासन | खुला | ४ |
| | | | स्थानीय प्रशासन/लेखा | | ५ |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | १२ |
| | | | स्थानीय प्रशासन/ आन्तरिक लेखा परीक्षण | | २ |
| ३. | ५०००६/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | विपन्न खस आर्य (महिला) | १ |
| ४. | ५०००७/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | मुस्लिम (महिला) | १ |
| ५. | ५०००८/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | थारु (महिला) | १ |
| | | | स्थानीय प्रशासन/लेखा | | १ |
| ६. | ५०००९/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | थारु (पुरुष) | १ |
| ७. | ५००१०/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | खस आर्य महिला | १ |
| | | | प्रदेश प्रशासन लेखा | | १ |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | २ |
| | | | स्थानीय प्रशासन/लेखा | | १ |

| क्र.सं. | विज्ञापन नं | पद | समुह/उपसमुह | विज्ञापनको किसिम | माग पद संख्या |
|---|---|---|---|---|---|
| ८. | ५००११/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | दलित (महिला) | १ |
| | | | स्थानीय प्रशासन/लेखा | | १ |
| ९. | ५००१२/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | दलित (पुरुष) | १ |
| १०. | ५००१३/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | मधेशी (महिला) | १ |
| | | | स्थानीय प्रशासन/लेखा | | १ |
| ११. | ५००१४/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | मधेशी (पुरुष) | १ |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | १ |
| १२. | ५००१५/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | आ.ज.(महिला) | १ |
| | | | स्थानीय प्रशासन/लेखा | | १ |
| | | | स्थानीय प्रशासन/ आन्तरिक लेखा परीक्षण | | १ |
| १३. | ५००१६/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | आ.ज.(पुरुष) | १ |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | १ |
| १४. | ५००१७/०८२-८३ | कानुन अधिकृत | स्थानीय प्रशासन/कानुन | खुला | १ |
| (आ) प्राविधिक तर्फ | | | | | |
| १५. | ५१०२९/०८२-८३ | जनस्वास्थ्य अधिकृत | स्थानीय स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन | अन्तर तह | १ |
| १६. | ५१०३०/०८२-८३ | | प्रदेश स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन | खुला | १ |
| | | | स्थानीय स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन | | ३ |
| १७. | ५१०३१/०८२-८३ | | प्रदेश स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन | खस आर्य (महिला) | १ |
| | | | स्थानीय स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन | | १ |
| १८. | ५१०३२/०८२-८३ | | स्थानीय स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन | मधेशी (महिला) | १ |
| १९. | ५१०३३/०८२-८३ | | स्थानीय स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन | आ.ज. (महिला) | १ |
| २०. | ५१०३४/०८२-८३ | | प्रदेश स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन | दलित (महिला) | १ |
| २१. | ५१०३५/०८२-८३ | मेडिकल ल्याब टेक्नोलोजिष्ट | प्रदेश स्वास्थ्य/ मेडिकल ल्याब टेक्नोलोजी/जनरल मेडिकल ल्याब | खुला | १ |
| २२. | ५१०३६/०८२-८३ | नर्सिङ्ग अधिकृत | प्रदेश स्वास्थ्य/जनरल नर्सिङ्ग | खुला | १ |
| २३. | ५२००६/०८२-८३ | इन्जिनियर | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/जनरल | अन्तर तह | १ |
| | | | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/स्यानिटरी | | १ |
| | | | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | | ३ |
| २४. | ५२००७/०८२-८३ | | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/इरिगेशन | खुला | १ |
| | | | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/जनरल | | २ |
| | | | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/स्यानिटरी | | २ |
| | | | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | | ९ |
| २५. | ५२००८/०८२-८३ | | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/जनरल | आ.ज.(महिला) | १ |
| | | | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/इरिगेशन | | १ |
| | | | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/स्यानिटरी | | १ |
| | | | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | | १ |
| २६. | ५२००९/०८२-८३ | | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | आ.ज.(पुरुष) | १ |

| क्र.सं. | विज्ञापन नं | पद | समुह/उपसमुह | विज्ञापनको किसिम | माग पद संख्या |
|---|---|---|---|---|---|
| २७ | ५२०१०/०८२-८३ | | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | विपन्न खस आर्य (महिला) | १ |
| २८ | ५२०११/०८२-८३ | | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | मुस्लिम (महिला) | १ |
| २९ | ५२०१२/०८२-८३ | | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | थारु (महिला) | १ |
| ३० | ५२०१३/०८२-८३ | | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | खस आर्य महिला | १ |
| ३१ | ५२०१४/०८२-८३ | | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | दलित (महिला) | १ |
| ३२ | ५२०१५/०८२-८३ | | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/स्यानिटरी | मधेशी (महिला) | १ |
| | | | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | | १ |
| ३३ | ५२०१६/०८२-८३ | | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | मधेशी (पुरुष) | १ |
| ३४ | ५२०१७/०८२-८३ | इन्जिनियर | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/वि. एण्ड आ. | खुला | १ |
| ३५ | ५२०१८/०८२-८३ | हाइड्रोजियोलोजिष्ट | प्रदेश इन्जिनियरिङ्ग/ जियोलोजी/हाइड्रोजियोलोजी | आ.ज.(महिला) | १ |
| ३६ | ५३००१/०८२-८३ | | | अन्तर तह | २ |
| ३७ | ५३००२/०८२-८३ | | | खुला | ८ |
| ३८ | ५३००३/०८२-८३ | | | विपन्न खस आर्य (महिला) | १ |
| ३९ | ५३००४/०८२-८३ | पशु चिकित्सक | स्थानीय कृषि/भेटेरिनरी | मुस्लिम (महिला) | १ |
| ४० | ५३००५/०८२-८३ | | | थारु (महिला) | १ |
| ४१ | ५३००६/०८२-८३ | | | खस आर्य महिला | १ |
| ४२ | ५३००७/०८२-८३ | | | दलित (महिला) | १ |
| ४३ | ५३००८/०८२-८३ | | | मधेशी (महिला) | १ |
| ४४ | ५३००९/०८२-८३ | | | आ.ज. (महिला) | १ |
| ४५ | ५३०१०/०८२-८३ | | स्थानीय कृषि/ला.पो.डे.डे. | अन्तर तह | १ |
| ४६ | ५३०११/०८२-८३ | पशु विकास अधिकृत | स्थानीय कृषि/ला.पो.डे.डे. | खुला | ३ |
| ४७ | ५३०१२/०८२-८३ | | | मधेशी (महिला) | १ |
| ४८ | ५३०१३/०८२-८३ | | स्थानीय कृषि/ला.पो.डे.डे. | आ.ज. (महिला | १ |
| | | | प्रदेश कृषि/ला.पो.डे.डे. | | १ |
| ४९ | ५३०१४/०८२-८३ | मत्स्य विकास अधिकृत | प्रदेश कृषि/मत्स्य | आ.ज. (महिला | १ |
| ५० | | कृषि प्रसार अधिकृत | प्रदेश कृषि/ कृषि प्रसार | | १ |
| ५१ | | | स्थानीय कृषि/ कृषि प्रसार | अन्तर तह | २ |
| ५२ | ५३०१५/०८२-८३ | कृषि विकास अधिकृत | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | | २ |
| ५३ | | बाली संरक्षण अधिकृत | प्रदेश कृषि/बाली संरक्षण | | १ |
| ५४ | ५३०१६/०८२-८३ | कृषि प्रसार अधिकृत | प्रदेश कृषि/ कृषि प्रसार | खुला | २ |

**अनलाइन दरखास्त भर्दा कुनै समस्या आएमा सम्पर्क नं.: ९८५७०८८६९६, ९८५७०८८६९७**

**email: info.ppsc@lumbini.gov.np, ppsc.lumbini@gmail.com**

| क्र.सं. | विज्ञापन नं | पद | समुह/उपसमुह | विज्ञापनको किसिम | माग पद संख्या |
|---|---|---|---|---|---|
| ५५ | | कृषि प्रसार अधिकृत | स्थानीय कृषि/ कृषि प्रसार | | ५ |
| ५६ | | कृषि विकास अधिकृत | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | | ६ |
| ५७ | | बाली संरक्षण अधिकृत | प्रदेश कृषि/बाली संरक्षण | | १ |
| ५८ | | कृषि अर्थ विज्ञ | प्रदेश कृषि/एग्.इको. एण्ड मार्केटिङ्ग | | १ |
| ५९ | ५३०१७/०८२-८३ | कृषि प्रसार अधिकृत | प्रदेश कृषि/ कृषि प्रसार | मधेशी महिला | १ |
| ६० | | | स्थानीय कृषि/ कृषि प्रसार | | १ |
| ६१ | | कृषि विकास अधिकृत | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | | १ |
| ६२ | ५३०१८/०८२-८३ | कृषि प्रसार अधिकृत | स्थानीय कृषि/ कृषि प्रसार | आ.ज. (महिला | १ |
| ६३ | | कृषि विकास अधिकृत | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | | १ |
| ६४ | | बाली संरक्षण अधिकृत | प्रदेश कृषि/बाली संरक्षण | | १ |
| ६५ | | बागवानी विकास अधिकृत | प्रदेश कृषि/बागवानी | | १ |
| ६६ | ५३०१९/०८२-८३ | कृषि प्रसार अधिकृत | स्थानीय कृषि/ कृषि प्रसार | थारु (महिला) | १ |
| ६७ | | कृषि विकास अधिकृत | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | | १ |
| ६८ | ५३०२०/०८२-८३ | कृषि प्रसार अधिकृत | स्थानीय कृषि/ कृषि प्रसार | खस आर्य महिला | १ |
| ६९ | | कृषि विकास अधिकृत | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | | १ |
| ७० | | बाली विकास अधिकृत | प्रदेश कृषि/बाली विकास | | १ |
| ७१ | | कृषि अर्थ विज्ञ | प्रदेश कृषि/एग्.इको. एण्ड मार्केटिङ्ग | | १ |
| ७२ | ५३०२१/०८२-८३ | कृषि प्रसार अधिकृत | स्थानीय कृषि/ कृषि प्रसार | दलित (महिला) | १ |
| ७३ | | कृषि विकास अधिकृत | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | | १ |
| ७४ | ५३०२२/०८२-८३ | कृषि विकास अधिकृत | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | मुस्लिम (महिला) | १ |
| ७५ | ५४००२/०८२-८३ | वन अधिकृत | प्रदेश वन/जनरल फरेष्ट्री | खुला | २ |
| ७६ | ५४००३/०८२-८३ | | | आ.ज.(पुरुष) | १ |

**अनलाइन दरखास्त भर्दा कुनै समस्या आएमा सम्पर्क नं.: ९८५७०८८६९६, ९८५७०८८६९७**

**email: info.ppsc@lumbini.gov.np, ppsc.lumbini@gmail.com**

| क्र.सं. | विज्ञापन नं | पद | समुह/उपसमुह | विज्ञापनको किसिम | माग पद संख्या |
|---|---|---|---|---|---|
| ७७. | ५५००३/०८२-८३ | शिक्षा अधिकृत/प्रशिक्षक | प्रदेश शिक्षा/शिक्षा प्रशासन/निरिक्षण | अन्तर तह | १ |
| ७८. | | | स्थानीय शिक्षा/ शिक्षा प्रशासन र परिक्षण तथा मूल्याङ्कन | | २ |
| ७९. | ५५००४/०८२-८३ | | प्रदेश शिक्षा/शिक्षा प्रशासन/निरिक्षण | खुला | १ |
| ८०. | | | स्थानीय शिक्षा/ शिक्षा प्रशासन र परिक्षण तथा मूल्याङ्कन | | ५ |
| ८१. | | | प्रदेश शिक्षा/शिक्षा प्रशासन/नेपाली | | १ |
| ८२. | | | प्रदेश शिक्षा/शिक्षा प्रशासन/अंग्रेजी | | १ |
| ८३. | | | प्रदेश शिक्षा/शिक्षा प्रशासन/विज्ञान | | १ |
| ८४. | | | प्रदेश शिक्षा/शिक्षा प्रशासन/सामाजिक | | १ |
| ८५. | | | प्रदेश शिक्षा/शिक्षा प्रशासन/शारीरिक शिक्षा | | १ |
| ८६. | ५५००५/०८२-८३ | | प्रदेश शिक्षा/शिक्षा प्रशासन/निरिक्षण | मधेशी (महिला) | १ |
| ८७. | | | स्थानीय शिक्षा/ शिक्षा प्रशासन र परिक्षण तथा मूल्याङ्कन | | १ |
| ८८. | ५५००६/०८२-८३ | | स्थानीय शिक्षा/ शिक्षा प्रशासन र परिक्षण तथा मूल्याङ्कन | थारु (महिला) | १ |
| ८९. | ५५००७/०८२-८३ | | स्थानीय शिक्षा/ शिक्षा प्रशासन र परिक्षण तथा मूल्याङ्कन | खस आर्य महिला | १ |
| ९०. | ५५००८/०८२-८३ | | स्थानीय शिक्षा/ शिक्षा प्रशासन र परिक्षण तथा मूल्याङ्कन | दलित (महिला) | १ |
| ९१. | ५५००९/०८२-८३ | | स्थानीय शिक्षा/ शिक्षा प्रशासन र परिक्षण तथा मूल्याङ्कन | आ.ज. (महिला) | १ |

**परीक्षाको किसिम:-** पाठ्यक्रममा तोकिए अनुसार।

**परीक्षा केन्द्र:-** बुटवल।

**परीक्षा मिति, समय र स्थान:-** परीक्षा सम्बन्धी जानकारी आयोगको वेवसाइटमा पछि प्रकाशन गरिनेछ।

**परीक्षाको माध्यम:-** परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ।

**दरखास्तको माध्यम:-** आयोगको विद्युतीय दरखास्त प्रणाली ppsconline.lumbini.gov.np मार्फत् दरखास्त पेश गर्नुपर्नेछ। दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण सोही वेबसाइटमा राखिएको User Manual मा रहेको छ। उम्मेदवारहरूले विद्युतीय दरखास्त भर्दा व्यक्तिगत विवरण शुद्धसँग भरी विवरण दुरुस्त भएको आँफैले सुनिश्चित गर्नुपर्नेछ। विवरण भर्दा अनिवार्य रुपमा उम्मेदवारहरूले आफ्नै मोबाईल नम्बर र इमेल ठेगाना उल्लेख गर्नुपर्नेछ।

**दरखास्त दस्तुर:-** दरखास्त दस्तुर रु. १०००।- (एकहजार) बुझाउनु पर्नेछ। अन्तर तह र समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूह/पत्रको प्रत्येकको लागि रु. ४००/- (चार सय) का दरले थप दस्तुर बुझाउनुपर्नेछ।

**अनलाइन दरखास्त भर्दा कुनै समस्या आएमा सम्पर्क नं.: ९८५७०८८६९६, ९८५७०८८६९७**
**email: info.ppsc@lumbini.gov.np, ppsc.lumbini@gmail.com**

| | |
|---|---|
| **दरखास्त दस्तुर बुझाउने विधि र स्थान:-** | आयोगको अनलाइन पोर्टलबाट फाराम भरी Submit गर्नुपर्नेछ। फाराम Submit गर्नुपूर्व आफूले भरेको विवरण छुटेको वा कुनै कागजात समावेश हुन छुट भए नभएको यकिन गर्ने। दरखास्त दस्तुर भुक्तानी भएपछि निवेदकको कुनै पनि विवरण परिवर्तन गर्न नसकिने हुँदा आफ्नो सबै विवरण ठीक भएको यकिन गर्ने। यकिन गरिसकेपछि देब्रे तर्फको Menu मा देखिएका List हरूमध्ये "My Application" मा Click गरी "All Application" मा Click गर्ने। आफूले आवेदन दिएको पदको विज्ञापन नं., समावेशी कोटा, विषय छनौट गर्नुपर्ने पदको हकमा सही विषय छनौट गरे/नगरेको यकिन गर्नका लागि "View Details" मा क्लिक गर्ने। दरखास्त दस्तुर समेत यकिन गरिसकेपछि Close गरेर "Pay" मा Click गर्ने। Online payment गर्नेको हकमा त्यसै पेजमा रहेको "Online Option" छान्ने। बैंक Option मा "राष्ट्रिय बाणिज्य बैंक" वा "नेपाल बैंक लिमिटेड" मध्ये कुनै एक Option छनोट गर्ने। रकम भुक्तानी गर्न Connect IPS, E-Sewa, Khalti, IME Pay विकल्पहरू मध्ये कुनै एक विकल्पमा Click गर्ने। तत्पश्चात् "रकम भुक्तानी गर्नुहोस्" मा Click गर्ने। त्यसपछि छनौट गरिएको विकल्पमा Username and password राखी Online Payment मा आफ्नो नामसहितको विवरण मिलेमा वा सिधै Connect IPS मा Click गरी QR Code Scan गरेर तोकिएको रकम (तोकिएको मिति बमोजिमको सिङ्गल वा दोब्बर दस्तुर) दाखिला गर्न सकिनेछ। बैंकमा गएर दाखिला गर्नेको हकमा "Offline" option छानेर भौचर Download गरी उक्त भौचर प्रिन्ट गरी तोकिएको समयभित्र सम्बन्धित बैंकमा गई तोकिएको रकम दाखिला गराउनुपर्नेछ। प्रवेशपत्र हेर्न र प्रिन्ट गर्नका लागि दरखास्त दिने म्याद समाप्त भएपछि आयोगले सूचना प्रकाशन गर्नेछ। यसका लागि आफ्नो इमेल, Master ID, Username र पासवर्ड सुरक्षित साथ राख्नुपर्नेछ।<br><br>***Online Payment गर्नेको हकमा कहिले काँही Server मा अत्यधिक चाप पर्न गई Server Slow हुँदा Payment Success भएर सम्बन्धित Wallet बाट रकम Deduction भएको तर Online Portal मा भुक्तानी स्थिति (Payment Status) Pending देखिन सक्ने हुँदा केही समय प्रतिक्षा गर्नुहाला। लामो समयसम्म रकम दाखिला भएको नदेखिएमा आयोगमा जानकारी गराउनुहोला।*** |
| **दरखास्त दिने अन्तिम मिति:-** | २०८२।१०।०२ गतेसम्म र दोब्बर दस्तुर तिरी २०८२।१०।०९ गतेसम्म। |
| **उम्मेदवारको उमेरको हद:-** | ❖ प्रचलित कानून अनुसारका निजामती सेवाका पदहरूमा २०८२।१०।०२ सम्म २१ वर्ष उमेर पूरा भै ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको र स्वास्थ्य सेवाका हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ।।<br>❖ संघीय निजामती सेवाको सबै प्रदेशको निजामती सेवाको र सबै स्थानीय तहको स्थानीय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन्। |
| **पेश गर्नुपर्ने कागजातहरु:-** | दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी आफ्नो नागरिकताको अगाडि तथा पछाडि दुवैतर्फको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो र हस्ताक्षर Scan गरी JPG Format मा तथा अन्य कागजातहरू जस्तै दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र, समावेशी समूहमा दरखास्त दिने उम्मेदवारहरूको हकमा समावेशी विवरण खुल्ने कागजातहरू सक्कल नै Scan गरी PDF Format मा तोकिएकै स्थानमा Upload गर्नुपर्नेछ। |

*तोकिएको Format मा कागजात Upload नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकोले तोकिएको Format मै File Upload गर्नुपर्नेछ । प्रदेश लोक सेवा आयोग कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा १३ बमोजिम दरखास्त पेश नभएमा वा लापरवाही तरिकाले पेश गरेमा दरखास्त रुजु गर्दाकै बखत रद्द हुने र पछि कुनै पनि बहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाइ नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ख्याल गर्नुपर्नेछ ।*

| | |
|---|---|
| **पदमा रही गर्नुपर्ने कामको विवरण:-** | सेवा, समूह सम्बन्धी प्रदेश सरकार र स्थानीय तहले तोके बमोजिम । |
| **सेवा, शर्त र सुविधा:-** | प्रचलित कानून बमोजिम हुने । |
| **सेवा सम्बन्धी मन्त्रालय/ स्थानीय तह:-** | सेवा, समूह सञ्चालन गर्ने सम्बन्धित मन्त्रालय तथा स्थानीय तह । |

**आवश्यक न्यूनतम योग्यता:**

(क) **अन्तरतह प्रतियोगिताको लागि आवश्यक योग्यता**

१. प्रदेश निजामती सेवाको अन्तरतह प्रतियोगिता तर्फ दरखास्त दिन चाहने उम्मेदवारले प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १०(४) र प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ७० बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।
२. प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १८ उपदफा(२) बमोजिम अयोग्य नभएको ।
३. स्थानीय निजामती सेवाको अन्तरतह प्रतियोगिता तर्फ दरखास्त दिन चाहने उम्मेदवारले स्थानीय निजामती सेवा ऐन २०८१, को दफा १०(४) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।
४. स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १९ उपदफा(२) बमोजिम अयोग्य नभएको ।

(ख) **खुल्ला तथा समावेशी प्रतियोगिताको लागि आवश्यक योग्यता**

१. प्रदेश निजामती सेवा ऐन ,२०८० को दफा १८, बमोजिम योग्य व्यक्ति खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको लागि उम्मेदवार हुन सक्नेछन् ।
२. स्थानीय निजामती सेवा ऐन ,२०८१ को दफा १९, बमोजिम योग्य व्यक्ति खुला तथा समावेशी प्रतियोगितात्मक परिक्षाको लागि उम्मेदवार हुन सक्नेछन् ।

(ग) **अन्तरतह/खुल्ला तथा समावेशी प्रतियोगिताको लागि आवश्यक शैक्षिक योग्यता**

१. प्रदेश/स्थानीय प्रशासन सेवा/सामान्य प्रशासन समूह/शाखा अधिकृत/प्रशासकीय अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।
२. प्रदेश/स्थानीय प्रशासन सेवा /लेखा समूह/लेखा अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको ।
३. स्थानीय प्रशासन सेवा /आन्तरिक लेखा परीक्षण समूह /आन्तरिक लेखा परीक्षण अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको ।
४. स्थानीय प्रशासन सेवा/ कानुन समूह/ कानुन अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुन विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।
५. प्रदेश इन्जिनियरिङ्ग सेवा/ जियोलोजी समूह/हाइड्रोजियोलोजि उपसमूह /हाइड्रोजियोलोजिष्ट पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट हाइड्रोजियोलोजी वा ग्राउण्ड वाटर हाइड्रोलोजी लिइ जियोलोजी वा जियोफिजिक्स वा जियोलोजिकल इन्जिनियरिङ वा एप्लाइड जियोलोजिमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण वा जियोलोजी वा जियोलोजिकल इन्जिनियरिङ वा जियोफिजिक्स विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी ग्राउण्ड वाटर सम्बन्धी विषयमा तीन महिनाको तालिम प्राप्त ।

६. प्रदेश इन्जिनियरिङ्ग सेवा/सिभिल समूह/इरिगेशन उपसमूह, स्यानिटरी उपसमूह, जनरल उपसमूह, र स्थानीय इन्जिनियरिङ्ग सेवा/सिभिल समूह /इन्जिनियर पदहरुका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक वा सो सरह उत्तीर्ण।

७. प्रदेश इन्जिनियरिङ्ग सेवा/सिभिल समूह/वि.एण्ड.आर्किटेक्ट उपसमूह/इन्जिनियर पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल वा आर्किटेक्चर इन्जिनियरिङ्ग विषयमा स्नातक वा सो सरह उत्तीर्ण।

८. प्रदेश शिक्षा सेवा/शिक्षा प्रशासन समूह/निरिक्षण उपसमूह र स्थानीय शिक्षा सेवा/शिक्षा प्रशासन र परीक्षण तथा मूल्याङ्कन समूह/निरीक्षण उपसमूह/शिक्षा अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट शिक्षाशास्त्रमा स्नातक तह वा सो सरह उत्तीर्ण।

९. प्रदेश शिक्षा सेवा/शिक्षा प्रशासन समूह/नेपाली उपसमूह/प्रशिक्षक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट नेपाली मूल विषय लिई शिक्षा शास्त्रमा स्नातक तह वा सो सरह उत्तीर्ण।

१०. प्रदेश शिक्षा सेवा/शिक्षा प्रशासन समूह/अंग्रजी उपसमूह/प्रशिक्षक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट अंग्रजी मूल विषय लिई शिक्षा शास्त्रमा स्नातक तह वा सो सरह उत्तीर्ण।

११. प्रदेश शिक्षा सेवा/शिक्षा प्रशासन समूह/विज्ञान उपसमूह/प्रशिक्षक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट विज्ञान मूल विषयलिई शिक्षा शास्त्रमा स्नातक तह वा सो सरह उत्तीर्ण।

१२. प्रदेश शिक्षा सेवा/शिक्षा प्रशासन समूह/सामाजिक उपसमूह/प्रशिक्षक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट भूगोल,इतिहास,अर्थशास्त्र,राजनीतिकशास्त्र वा सामाजिक शिक्षा मध्ये कुनै एक मूल विषयमा शिक्षा शास्त्रमा स्नातक तह वा सो सरह उत्तीर्ण।

१३. प्रदेश शिक्षा सेवा/शिक्षा प्रशासन समूह/शारीरिक शिक्षा उपसमूह/प्रशिक्षक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट स्वास्थ्य तथा शारीरिक मूल विषय लिई शिक्षा शास्त्रमा स्नातक तह वा शारीरिक शिक्षा विषयमा स्नातकत्तोर वा सो सरह उत्तीर्ण।

१४. प्रदेश/स्थानीय कृषि सेवा/कृषि प्रसार समूह/कृषि प्रसार अधिकृत पदका लागि: प्रदेशको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी. एग्री वा सो सरह उत्तीर्ण र स्थानीय तहको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि प्रसार विषयमा स्नातक तह वा सो सरह उतीर्ण।

१५. प्रदेश कृषि सेवा/ बागवानी समूह/बागवानी विकास अधिकृत पदका लागि: :मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी. एग्री वा सो सरह उत्तीर्ण।

१६. स्थानीय कृषि सेवा/ बागवानी, बाली संरक्षण र बाली विकास समूह/ कृषि विकास अधिकृत पदका लागि: : मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

१७. प्रदेश कृषि सेवा/बाली संरक्षण समूह/बाली संरक्षण अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी.एग्री. वा सो सरह उत्तीर्ण।

१८. प्रदेश कृषि/एगृ.इको.एण्ड.मार्केटिङ समूह/कृषि अर्थ विज्ञ पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट एग्री इकोनोमिक्स वा एग्री बिजनेस मुख्य विषय लिई बि.एस्सी.एगृ. वा सो सरह उत्तीर्ण।

१९. प्रदेश कृषि सेवा/बाली विकास समूह/बाली विकास अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी.एग्री. वा सो सरह उत्तीर्ण।

२०. प्रदेश/स्थानीय कृषि सेवा/ला.पो.डे.डे.समूह/पशु विकास अधिकृत पदका लागि: मान्यताप्राप्त शिक्षण संस्थावाट बि.एस्सी.(एनिमल साइन्स वा डेरी साइन्स) वा बि.टेक.(डेरी टेक्नोलोजी वा लाभइष्टक एक्सटेन्सन) वा बि.भि.एस्सी. एण्ड ए.एच. वा सो सरह उत्तीर्ण।

२१. स्थानीय कृषि सेवा/ भेटेरिनरी समूह/पशु चिकित्सक पदका लागि: मान्यताप्राप्त शिक्षण संस्थावाट बि.भी.एस्सी. एण्ड ए. एच. वा डि.भी.एम.वा सो सरह उत्तीर्ण।

२२. प्रदेश कृषि/मत्स्य समूह/मत्स्य विकास अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट बि.एस्सी.एग्री./बि.एस्सी.(पशु विज्ञान) /बि.भि.एस्सी.एण्ड ए.एच.वि.एसी फिसिरिज वा सो सरह उत्तीर्ण गरेको।

२३. प्रदेश वन सेवा /जनरल फरेष्ट्री समूह/वन अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट सिल्भिकल्चर, वनस्रोत मापन(फरेष्ट मेन्सुरेन्सन) वन संरक्षण, वन अनुसन्धान, वन व्यवस्थापन, भू-तथा जलाधार व्यवस्थापन र वन्यजन्तु संरक्षण मध्ये कम्तीमा तीन विषय लिई वन विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण।

२४. प्रदेश/स्थानीय सेवा/हेल्थ इन्स्पेक्सन समूह/जनस्वास्थ्य अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट जनस्वास्थ्य विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण।

२५. प्रदेश स्वास्थ्य सेवा/जनरल नर्सिङ्ग समूह/ नर्सिङ्ग अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट नर्सिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण।

२६. प्रदेश स्वास्थ्य सेवा/मेडिकल ल्याब टेक्नोलोजी समूह/जनरल मेडिकल ल्याब टेक्नोलोजी उपसमूह/मेडिकल ल्याब टेक्नोलोजिष्ट पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट मेडिकल ल्याब टेक्नोलोजी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण।

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन**

प्रतिशत निर्धारण गर्दा जुन समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ।

**(क)** आदिवासी जनजातिका हकमा: नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

**(ख)** मधेशीका हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थावाट मधेशी भनी प्रमाणित गरेको कागजात वा प्रमुख जिल्ला अधिकारीवाट मधेसी भनी प्रमाणित गराएको कागजात।

**(ग)** दलितका हकमा : राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातीको सूचीको आधारमा तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ।

**(घ)** थारुका हकमा : थारु आयोगबाट सूचीकृत भएको जातिको सूचको आधारमा तर, थारु आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ।

**(ङ)** खस आर्य महिलाको हकमा: राष्ट्रिय समावेशी आयोगले खस आर्य जाति भनी सूचीकृत गरेका थर भनी स्थानीय तहले प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्नेछ।

**(च)** विपन्न खस आर्यका हकमा : प्रचलित कानून बमोजिम प्राप्त गरेको गरिब घरपरिवार परिचय पत्रको आधारमा वा त्यसरी परिचय पत्रको व्यवस्था नभएसम्मको लागि कानून बमोजिम नेपाल सरकारले तोकेको न्यूनतम वार्षिक आय भएका खस आर्य समूदायको नागरिक भएको भनी स्थानीय तहले सिफारिस गरेको प्रमाणित कागजात दरखास्तसाथ पेश गर्नुपर्नेछ।

**(छ)** मुस्लिमका हकमा : मुस्लीम आयोगबाट सूचीकृत भएको जातिको सूचीको आधारमा तर, मुस्लीम आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ।

**द्रष्टव्य**

**(क)** स्थानीय सेवा तर्फ अन्तर तह प्रातियोगिता तर्फ छुट्टाइएको सबै वा केही पद पूर्ति हुन नसकेमा सोही वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति हुने भनि सेव शर्त सम्बन्धी कानुनमा उल्लेख भएबमोजिम त्यसरी पूर्ति हुन नसकेका पद एकिन गरी खुलातर्फको पदसंख्यामा जोडी हुन आउने पदसंख्यालाई रिक्त पदसंख्या मानी लिखित परीक्षाको नतिजा प्रकाशन गरिनेछ।

**(ख)** दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

**(ग)** व्यवसायिक परिषद्को प्रमाणपत्र आवश्यक पर्ने पदमा दरखास्त दिने उम्मेदवारहरुले अनिवार्य रुपमा आफ्नो सेवा, समूह सम्बन्धी व्यवसायिक परिषद्मा दर्ता भै म्याद कायम रहेको हुनुपर्नेछ।

**(घ)** आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

**(ङ)** लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन।

**(च)** लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ।

**(छ)** खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।

**(ज)** प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा (१४) मा उल्लेख भएबमोजिम संघीय निजामती सेवा, सबै प्रदेशका निजामती सेवा वा सबै स्थानीय सेवामा कार्यरत रहेको कर्मचारी प्रदेश निजामती सेवाको खुल्ला वा अन्तरतह प्रतियोगिताद्धारा पदपूर्ति हुने पदको समान पदमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन पाउने छैन।

**(झ)** पाठ्यक्रम आयोगको वेबसाइट https://ppsc.lumbini.gov.np/list बाट प्राप्त गर्न सकिनेछ। सजिलोको लागि पदको नाम अथवा सम्बन्धित पदको Keyword टाइप गरी Search गर्न सकिनेछ।

**(ञ)** दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी शिक्षण संस्थाबाट शैक्षिक उपाधि हासिल गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनु पर्दछ तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा, सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याई हुनेगरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सिंगल दस्तुर बुझाई दरखास्त दिने अन्तिम मिति भित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष, सबै सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।

**(ट)** माथी नखुलेका विषयहरु प्रदेश निजामती सेवा ऐन, २०८० र प्रदेश निजामती सेवा नियमावली, २०८० बमोजिम हुनेछ।

**(ठ)** दरखास्त भर्ने तरिका सम्वन्धी जानकारीको लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।